वातावरण तथा जनस्वास्थ संस्था

Environment and Public Health Organization (ENPHO)

# कार्यकारी निर्देशक पदका लागि दरखास्त आव्हान

कार्यकारी निर्देशक छनौट सम्वन्धी मार्गदर्शन, २०८२

(प्रथम पटक प्रकाशित मिति २०८२।२।२७)

वातावरण तथा जनस्वास्थ संस्था (Environment and Public Health Organization, ENPHO), मा रिक्त रहेको कार्यकारी निर्देशकको पद खुल्ला प्रतिस्पर्धाका आधारमा छनौट गरी पूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका र वातावरण तथा जनस्वास्थ संस्था कार्यकारी निर्देशक छनौट सम्वन्धी कार्यविधि, २०८२ बमोजिम योग्य भएका ईच्छुक नेपाली नागरिकहरुबाट यस संस्थाको कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौमा आई पुग्ने गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र रितपूर्वकको दरखास्त पेश गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. **पद :** कार्यकारी निर्देशक

२. **आवश्यक न्यूनतम योग्यता :** (क) "मान्यता प्राप्त शिक्षण संस्थाबाट Water and Sanitary Engineering वा Interdisciplinary Water Resource Management विषयमा वा व्यवस्थापन विषयमा वा जनस्वास्थ विषयमा स्नातकोत्तर वा सो सरह उपाधि हासिल गरि सम्वन्धित क्षेत्रमा व्यवस्थापकीय जिम्मेवारी लिई कम्तीमा दस (१०) वर्षको अनुभव हासिल गरेको हुनुपर्नेछ । कार्य अनुभव सम्वन्धमा वरिष्ठ व्यवस्थापकीय जिम्मेवारी लिई अनुभव हासिल गरेकाहरुलाई विशेष ग्राहयता दिइनेछ ।

**स्पष्टिकरण** : खानेपानी तथा सरसफाईको क्षेत्रमा व्यवस्थापकिय जिम्मेवारी भन्नाले सम्वन्धित क्षेत्रमा नेपाल सरकारको स्वामित्व भएको वा अन्य कुनै अन्तरराष्ट्रिय वा राष्ट्रिय वा गैर सरकारी संस्थामा न्यूनतम प्रवन्धक (तह ८) मा काम गरेको तथा वरिष्ठ व्यवस्थापकीय जिम्मेवारी (Senior Management Level) भन्नाले न्यूनतम तह १० मा कार्य गरेको अनुभवलाई बुझाउँछ ।

(ख) दरखास्त दिने अन्तिम मितिसम्म चालिस (४०) वर्ष उमेर पुगेको र अन्ठाउन्न (५८) वर्ष उमेर ननाघेको ।

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

(घ) कुनै राजनैतिक दलको सदस्य नभएको ।

(ङ) नेपाली नागरिकता प्राप्त गरेको हुनपर्ने छ र कुनै अन्य देशको स्थायी बसोबासको अनुमति (Permanent Resident) प्राप्त नगरेको हुनपर्ने छ ।

३. **पदावधि :** कार्यकारी निर्देशकको पदावधी ५ (पाँच) वर्षको हुनेछ ।

४. **पारिश्रमिक र सुविधा :** कार्यकारी निर्देशकको पारिश्रमिक र सुविधा वातावरण तथा जन स्वास्थ्य संस्था (एन्फो) को नियमानुसार तोके बमोजिम हुनेछ ।

५. **प्रमुख काम कर्तव्य र अधिकार :** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार वातावरण तथा जन स्वास्थ्य संस्था (एन्फो) को नियमानुसार तोके बमोजिम हुनेछ ।

६. **छनौटको आधार :** वातावरण तथा जन स्वास्थ्य संस्था (एन्फो) को कार्यकारी निर्देशक छनौट सम्वन्धी कार्यविधि, २०८२ बमोजिम हुनेछ ।

७. **छनौटका प्रकृया :**

**दरखास्त आव्हान गर्ने** :

(१) कार्यकारी निर्देशक छनौटका लागि तोकिए बमोजिमको योग्यता पुगेका व्यक्तिले दरखास्त दिन सक्ने गरी २१ दिनको समयावधि दिई सूचना प्रकाशन गरिनेछ ।

(२) सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा एक पटक नेपाली वा अंग्रेजीमा प्रकाशन गरिनेछ । उक्त सूचना एन्फोको वेभसाइटमा समेत राखिने छ ।

(३) दरखास्त आव्हान गर्दा ३ भन्दा कम उम्मेदवारको दरखास्त परेमा पहिलो चरणमा परेका आवेदनहरुलाई यथावत राखी थप सात (७) दिनको म्याद राखी पुनः दरखास्त माग गर्न सकिनेछ । पुनः दरखास्त आव्हान गर्दा पूर्व आवेदनकर्ताहरुले आफ्नो आवेदन फिर्ता लिन चाहेमा यस समितिमा निवेदन दिई फिर्ता लिन सक्नेछ । साथै थप गरिएको समय सिमा भित्र उम्मेदवारहरुको आवेदन पर्न नआएमा पनि छनौट प्रकृयालाई अगाडि बढाउन बाधा पर्ने छैन ।

८. **दरखास्त दिने स्थान र समयावधि** :

दरखास्त दिने स्थान र समायावधि सम्वन्धी विषय सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

९. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु** :

(१) दरखास्तका साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) आवेदकको शैक्षिक योग्यता, तालिम, कार्य अनुभव तथा Research Publication तथा प्रस्तावित सेवा सुविधा समेत खुल्ने व्यक्तिगत विवरण (Curriculum Vitae)

(ख) कार्य योजना (५००० शव्दमा नबढाई)

(ग) राष्ट्रिय परिचयपत्र वा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(घ) शैक्षिक योग्यता, तालिम तथा Research Publication सम्वन्धी कागजातका प्रतिलिपिहरु

(ङ) व्यवस्थापन, खानेपानी तथा सरसफाई तथा जनस्वास्थ आदी क्षेत्रमा काम गरेको अनुभव खुल्ने कागजातका प्रतिलिपिहरु

(च) आवेदक कुनै निकायमा कार्यरत भएमा कार्यरत संस्थाको स्वीकृतिको प्रतिलिपि

(छ) नैतिक पतन देखिने कसूरमा सजाय नपाएको तथा कुनै राजनैतिक दलको सदस्य नभएको व्यहोरा उम्मेदवारले लिखित घोषणा गर्नुपर्नेछ ।

(ज) नेपाल सरकारको सार्वजनिक संस्थामा वहालवाला कर्मचारी भएमा कार्यरत संस्थाको स्वीकृति

(२) माथी उल्लेखित पेश भएका कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गर्नुपर्नेछ ।

(३) कार्य योजनामा समावेश गर्नुपर्ने विषयहरु :

(क) एन्फोको भूमिका, काम, कर्तव्य र अधिकार

(ख) एन्फोको संचालनको अवस्था, समस्या, चुनौती तथा अवसरहरु

(ग) एन्फोको आगामी पाँच (५) वर्षको स्पष्ट दुरदृष्टि (Mission, Vision) तथा रणनैतिक सुधारका क्षेत्रहरु आदी समावेश गरिएको कार्ययोजना

(४) कार्य योजना (Work Plan) एक थान सक्कल तथा दुई थान प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(५) कार्य योजनालाई छुट्टै खाममा सिलवन्दी गरी पेश गर्नुपर्नेछ । साथै कार्य योजनाको Hard copy र Soft copy समेत पेश गर्नुपर्नेछ ।

१०. **छनौट समितिले दरखास्त रद्द गर्न सक्ने** :

समितिले प्राप्त दरखास्त मध्ये रित नपुगी आएमा वा झुठा विवरण पेश गरेमा त्यस्तो दरखास्त रद्द गर्न सक्नेछ ।

११. **आवेदनको छानविन र उम्मेदवारको सूची प्रकाशन** :

(१) छनौट समितिले प्राप्त आवेदनहरु मापदण्ड र कार्यविधि बमोजिम भए नभएको छानविन गर्नेछ ।

(२) उम्मेदवारहरुको शैक्षिक योग्यता, कार्य अनुभव तथा व्यक्तिगत विवरण (Curriculum vitae CV) मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने ३ (तिन) जना उम्मेदवारहरुको नाम वर्णानुक्रम अनुसारका संक्षिप्त सूची (Short list) प्रकाशन गरिनेछ ।

(३) संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको कार्य योजना (Work Plan) को मूल्यांकन गर्न लाग्ने समयावधिलाई मध्यनजर गरी दोस्रो चरणको कार्य योजनाको प्रस्तुतिकरण र अन्तरवार्ताका लागि ७ (सात) दिनको समयावधि उपलव्ध गराइनेछ ।

(४) संक्षिप्त सूची प्रकाशन गर्ने प्रयोजनको लागि मूल्यांकनका आधारहरु नियमानुसार हुनेछ ।

१२. **कार्ययोजनाको मूल्यांकन** :

कार्य योजनाको मूल्यांकन विज्ञबाट परीक्षण गरिनेछ ।

**मूल्यांकनका आधारहरु** :

(१) संक्षिप्त सूची तथा कार्य योजना मूल्यांकनका अंकभारहरु निम्न अनुसार रहनेछ ।

| **प्रथम चरण** : | **१०० अंक** |
|---|---|
| आवेदकको शैक्षिक योग्यता, तालिम, कार्य अनुभव र व्यक्तिगत विवरण मूल्यांकन | १०० अंक |

| **द्वितीय चरण** : | **१०० अंक** |
|---|---|
| (क) कार्य योजनाको मूल्यांकन | ५० अंक |
| (ख) कार्य योजनाको प्रस्तुतिकरण | २५ अंक |
| (ग) अन्तरवार्ता | २५ अंक |

(२) कार्य योजनाको मूल्यांकन गर्दा सत्तरी (७०) प्रतिशत भन्दा बढी अंक प्रदान गर्नुपर्ने भएमा विज्ञले पुष्टयाई सहित अंक प्रदान गर्नुपर्नेछ र उम्मेदवारको अन्तरवार्ताको मुल्यांकन गर्दा

अधिकतम सत्तरी (७०) प्रतिशत र न्युनतम चालिस (४०) प्रतिशतको दायरा भित्र रहने गरी अंक प्रदान गरिनेछ ।

(३) उम्मेदवारको मूल्यांकन गरी अन्तिम योग्यताक्रम कायम गर्दा पहिलो चरणको संक्षिप्त सूची प्रकाशन गर्ने प्रयोजनको लागि गरिने मूल्यांकनका आधारहरुबाट प्राप्त गरेको अंकको पच्चिस (२५) प्रतिशत अंकभार (Weightage) र दोस्रो चरणको कार्य योजनाको मूल्यांकन, प्रस्तुतिकरण र अन्तरवार्ता वापत उम्मेदवारले प्राप्त गरेको कुल अंकको पचहत्तर (७५) प्रतिशत अंकभार प्रदान गरिनेछ ।

(४) सबैभन्दा बढी अंक प्राप्त गर्ने तथा दोस्रो बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई क्रमशः कार्यकारी निर्देशकको मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेदवारको रुपमा छनौट समितिले नियुक्तिको लागि कार्यकारिणी समिति समक्ष सिफारिसका साथ पेश गर्नेछ । यदि एक वर्ष कार्य अवधि पुरा नहुँदै कार्यकारी निर्देशकको पद खाली हुन आएमा वैकल्पिक उम्मेदवारलाई कार्यकारिणी समितिले कार्यकारी निर्देशकमा नियुक्ति गर्न सक्नेछ ।

(५) छनौट समितिले उम्मेदवारहरुको दरखास्त मूल्यांकन, प्रस्तुतिकरण तथा अन्तरवार्ताको लागि आवश्यकतानुसार सम्वन्धित विषय विज्ञको सेवा लिनेछ ।

(६) नेपाल सरकारको सार्वजनिक संस्थामा बहालवाला कर्मचारी छनौट भएमा नियुक्ति लिनु अघि त्यस्तो संस्थाबाट बहाल टुटेको प्रमाण पेश गर्नुपर्नेछ ।

**१३. उमेर :** दरखास्त दिने अन्तिम मितिसम्ममा ४० वर्ष पूरा भई ५८ वर्ष ननाघेको हुनु पर्ने ।

**१४. कार्ययोजनाको विषय एवं ढाँचा :** बुँदा नं. ९ बमोजिम हुने साथै कार्यपत्र सामान्यतया अंग्रेजी वा नेपाली कुनै एक भाषामा A4 साइजको कागजमा एकापट्टी मात्र लेखिएको हुनुपर्नेछ । कार्यपत्रको कभर पेजमा कार्यपत्रको शिर्षक एवं कार्य पत्र प्रस्तावकको नाम उल्लेख हुनुपर्नेछ । कार्य पत्रको अन्य पेजहरुमा नाम लेख्ने वा अन्य कुनै संकेत गर्न पाइने छैन । यसो गरेको पाइएमा कार्यपत्र रद्द गरी यसपछिको प्रकृयामा सहभागि गराइने छैन ।)

**१५.** छनौट समितिले अन्तिम छनौट गरी कार्यकारिणी समिति समक्ष नियुक्तिको लागि सिफारिस गर्नु अघि अन्तिम छनौटमा पर्न सफल हुनुभएको उम्मेदवारसँग निजको सेवा सुविधा सम्वन्धमा सम्झौता गर्न सक्नेछ ।

**पुनश्च** : संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको नामावली र कार्यपत्र प्रस्तुतिकरण तथा अन्तरवार्ताको मिति, समय र स्थानका बारेमा ENPHO को सूचना पाटिमा टाँस गरिने छ । थप जानकारी लिनु परेमा वातावरण तथा जन स्वास्थ्य संस्था (एन्फो)को वेवसाईट www.enpho.org र फोनं. ०१-५२४४६०९, ०१-५२४४०५१ मा र कार्यालय समयमा यस वातावरण तथा जन स्वास्थ्य संस्था (एन्फो) कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिनेछ ।